१७. **संस्थाको लेखा र लेखा परीक्षण** :

(१) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ।

(२) संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट स्वीकृत प्राप्त लेखा परीक्षकबाट गराइनेछ।

(३) श्री ५ को सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै वखत पनि संस्थाको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ।

(४) लेखा परिक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ।
तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ।

(५) लेखापरीक्षण प्रतिवेदन प्रत्येक वर्ष स्थानीय अधिकारीको कार्यालय, समाज कल्याण परिषद एवं सम्बन्धित निकायमा पेश गरिनेछ।

(६) संस्थाको आर्थिक वर्ष श्री ५ को सरकारको आर्थिक वर्ष अनुरूप हुनेछ।

## परिच्छेद - ७

# निर्वाचन

१८. **निर्वाचन सम्बन्धी व्यवस्था** : संस्थाको कार्य समितिको पदपूर्ति गर्दा निम्न अनुसार गरिनेछ :

(क) कार्यसमितिले निर्वाचनको लागि १ (एक) जना प्रमुख निर्वाचन अधिकृत र २ (दूई) जना निर्वाचन अधिकृत सहितको ३ (तीन) जनाको एक निर्वाचन समिति गठन गर्नेछ।

(ख) संस्था दर्ता भएको ६ (छ) महिना भित्र प्रबन्ध समितिले निर्वाचन गराई विधिवत कार्यसमितिको गठन गरी स्थानीय अधिकारीको कार्यालयमा जानकारी दिइनेछ।

(ग) कार्यसमितिका सदस्यको लागि खडा हुने साधारण सदस्यले निर्वाचन समितिले तोके बमोजिम मनोनयन पत्रमा हस्ताक्षर गरी दरखास्त दिनु पर्नेछ।

(घ) निर्वाचनको लागि स्थान, समय र मिति कार्यसमितिले तोके बमोजिम हुनेछ।

(ङ) बहुमत प्राप्त उम्मेदवारहरूलाई निर्वाचन समितिले निर्वाचित घोषणा गर्नेछ।

(च) मतगणना गर्दा कुनै दुई तथा दुई भन्दा बढी उम्मेदवारहरूको मत बराबर भएमा ~~प्रमुख निर्वाचन अधिकृत~~ निर्वाचन समिति ले गोला हाली निर्णय गर्नेछ।

(छ) निर्वाचन समितिले मतगणना गर्दा सामान्यतया उम्मेदवार तथा निजले तोकेका प्रतिनिधिहरूको रोहवरमा गर्नेछ, तर कुनै उम्मेदवार तथा प्रतिनिधिहरू उपस्थित नभएको कारणले मात्र मतगणना रोकिने छैन।

(ज) संस्थाको सबै तहको निर्वाचन विधिवत्, स्वतन्त्र र निष्पक्षरुपमा सम्पन्न गर्ने उत्तरदायित्व निर्वाचन समितिको हुनेछ।

(झ) निर्वाचन सम्बन्धी कार्यविधिको लागि कार्यसमितिले निर्देशिका लागु गर्न तथा विनियमावली बनाउन सकिनेछ तर त्यस्तो निर्देशिका तथा विनियमावली नवनेको अवस्थामा निर्वाचन सम्बन्धी कार्य विधिहरू निर्वाचन समितिले निर्धारण तथा तोकिए बमोजिम हुनेछ।